नेपाल सरकार
राष्ट्रिय भूमि आयोग

# जिल्ला समिति, मकवानपुर

हेटौडा

**पत्रसंख्या : ०७८/०७९** **मितिः२०७८/१२/०४**

**चलानि नं.** १२

**विषयः सुचना गरि दिनुहुन ।**

श्री हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर

उपरोक्त सम्बन्धमा राष्ट्रिय भूमि आयोग गठन आदेश २०७८ को दफा २० को उपदफा १ बमोजिम बाँकी काम सम्पन्न गर्ने र दफा २८ को उपदफा २ बमोजिमका समितिबाट सम्पादन हुन बाँकी काम सम्पन्न गर्ने सम्बन्धमा विगतका विगठित जिल्ला समितिमा निवेदन दिएकाहरुको हकमा आवश्यक पर्ने थप वा पुरक प्रमाणहरु माग गर्नको लागी म्याद सुचना गर्ने दफा २६ को दफा ४ अनुसार राष्ट्रिय भूमि आयोगबाट जिल्ला समितिलाई अधिकार प्रत्यायोजित भई आएकोले सो सम्बन्धमा यस पत्र लेख्ने कार्य भएको छ । ताहा स्थानीय पालिका अन्तर्गतका वडाबासीहरुले विगतका आयोगमा निवेदन माग गरेका रहेछन् भने वहाँहरुलाई आफुले पेश गर्नू पर्ने थप वा पुरक प्रमाण पेश गर्न बाँकी भए ताहाबाट वा सिधै यस जिल्ला समितिमा उपस्थित भई पेश गर्न सुचना दिनुहुन र यस जिल्ला समितिको बाँकी काम सम्पादन हुने विषयमा सहयोग गरिदिनु हुन अनुरोध छ ।

पूर्णहरि सुवेदी
सदस्य सचिव

हेटौंडा उपमहानगरपालिका
हेटौंडा
दर्ता नं ९८११३
मिति ११/०६

नेपाल सरकार

राष्ट्रिय भूमि आयोग

# जिल्ला समिति, मकवानपुर

हेटौंडा ।

पत्र संख्या:- २०७८/७९ मिति: २०७८।१२।०४

~~चलानी नं~~.

## भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोवासीले विगतका आयोगबाट भएको बाँकी कार्य सम्पन्न गर्न विगतका आयोगमा माग गरेको निवेदनमा थप वा पूरक प्रमाण पेश गर्ने सम्बन्धी ७ दिने सूचना

(सूचना प्रकाशन लागू हुने मिति २०७८।१२।१३)

राष्ट्रिय भूमि आयोगले भूमिहिन दलित र भूमिहिन सुकुम्वासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि राष्ट्रिय भूमि आयोग गठन आदेश २०७८ को दफा २० को उपदफा १ बमोजिम बाँकी काम सम्पन्न गर्ने र सोही आदेशको दफा २८ को उपदफा ३ बमोजिम विगतमा गठीत आयोगबाट/समितिबाट सम्पादन हुन बाँकी काम सम्पन्न गर्ने सम्बन्धमा गत वर्षको भूमि सम्बन्धी समस्या समाधान आयोग जिल्ला समितिमा जग्गा माग गरि भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीले बुझाउनु भएको निवेदनमा संलग्न गर्न बाँकी थप वा पुरक प्रमाण बुझाउनु पर्ने भए आफ्नो नजिकको स्थानिय तह वा जिल्ला समितिमा सूचना प्रकाशन भएको मितिले सात दिन भित्र पेश गर्नु हुन् सर्वसाधरणको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।